## अरुण गाउँपालिकाका उपाध्यक्ष श्री विनिता ढकाल ज्यूले सातौँ गाउँसभामा प्रस्तुत गर्नुभएको बजेट बक्तव्य

## आर्थिक बर्ष २०७७/७८ को

# बजेट वक्तब्य

## अरुण गाउँपालिका

## भोजपुर जिल्ला

## प्रदेश नं. १

## २०७७०३।३१

**श्रीमान् सभाध्यक्ष महोदय,**

**गाउँसभाका सदस्यज्यूहरु,**

प्रमुख प्रशासकिय अधिकृत ज्यू तथा सम्पूर्ण कर्मचारीहरु र पत्रकार मञ्च,

१. नेपालको संविधान २०७२ ले गरेको व्यवस्था बमोजिम स्थानीय तहको बजेट गाउँपालिका उपाध्यक्षको हैसियतले घोषणा गर्न पाउँदा मलाई अत्यन्त खुसी लागेको छ । यो गौरवपूर्ण अवसरमा जनआन्दोलन, जनयुद्ध, मधेश आन्दोलन, दलित तथा जनजाति आन्दोलन लगायतका संघर्षहरुमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरुप्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु । साथै घाईते तथा बेपत्ता नागरिकप्रति सम्मान प्रकट गर्दछु । राजनैतिक-सामाजिक परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने सबै अग्रजहरुप्रति सद्भाव प्रकट गर्दछु ।

२. सर्वप्रथम अरुण गाउँपालिकामा निर्वाचित भएपश्चात हामी जनप्रतिनिधिहरुद्धारा नीति तथा कार्यक्रम तथा सोको अधिनमा रही निर्माण भएको योजना तथा कार्यक्रमद्वारा अरुण गाउँपालिकामा जनतालाई केही परिवर्तनको प्रत्यक्ष अनुभूति दिलाउन सफल भएकोमा गाउँसभाका सम्पूर्ण पदाधिकारीहरु, कर्मचारीहरु, उपभोक्ता समिति, निर्माण व्यवसायी, नागरीक तथा सरोकारवाला सबैप्रति हार्दिक बधाई एवं धन्यवाद दिन चाहन्छु र सबै जनप्रतिनिधिहरुको आगामी कार्यकाल समेत सफल रहोस भन्ने सुभकामना समेत व्यक्त गर्न चाहन्छु ।

३. यो बजेटमा संविधानमा उल्लेखित मौलिक हकहरु संघीय सरकारले अङ्गिकार गरेका नीति र प्राथमिकताहरु, आवधिक योजनाले समेटेका बिषयहरु स्थानीय तहका बिकासका समसामयिक मुद्दाहरु, आम जनताले उठाएका आवाजहरु लगायत बिभिन्न बिषयगत समितिहरुबाट प्राप्त सुझावहरुलाई  समेत समेट्ने प्रयास गरेको छु ।

**अरुण गाउँपालिकाले आ व ०७७/७८ को बजेट तर्जुमा गर्दा लिइएका मुख्य मुख्य आधारहरु —**

- नेपालको संविधानको अनुसूचि ८ र ९ मा उल्लिखित स्थानीय तहको एकल तथा साझा अधिकारको सुचि
- नेपालको संविधानमा उल्लिखित मौलिक हकहरु
- राज्यका आर्थिक, सामाजिक विकास, प्राकृतिक स्रोतको उपयोग , वातावरण संरक्षण सम्बन्धी संवैधिनक नीतिहरु, धारा ५९ को आर्थिक अधिकार, भाग १९ को आर्थिक कार्यप्रणाली

- नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरणको प्रतिवेदन
- संघीय सरकारले अंगिकार गरेको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु
- संघीय सरकारले अबलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु
- नेपालले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु ।
- स्थानीय शासन संचालन ऐन र नियमावलीका प्रावधानहरु ।
- विकासका समयामयिक मुद्दाहरु जस्तै सामाजिक संरक्षण, दिगो विकास, जलवायु परिवर्तन र विपद व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैङ्गिक सशक्तीकरण तथा समावेशी विकास वालमैत्री स्थानीय शासन, वातावरण मैत्री स्थानीय शासन, खुला दिशामुक्त तथा पुर्ण सरसफाइसँग अन्तरसम्बन्धित विषयहरु ।
- गाउँपालिकामा आवश्यक देखिएका अन्य विषयहरु ।

**वार्षिक योजना तथा वजेटका प्राथमिकताहरु**

गाउँपालिकाले वार्षिक योजना तथा वजेट तर्जुमा गर्दा निम्न विषयलाई प्राथमिकता दिईएको छ–

क) आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्‍याउने ।

ख) उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने

ग) जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने

घ) स्थानीय सहभागिता जुटने, स्वंयम सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,

ङ) स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने,

च) महिला, बालवालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,

छ) लैङिग समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने

ज) दीगो विकास, वातावरणीय संरक्षण तथा समबर्द्धन गर्न सघाउ पुर्‍याउने

झ) भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्‍याउने ।

ञ) स्थानीय तहले आवश्यक देखेका अन्य विषयहरु ।

**सभाध्यक्ष महोदय**

४. सीमित साधन र स्रोत, असिमीत जनअपेक्षा र आवश्यकता तोकिएको समयभित्रै कार्य सम्पन्न गरिसक्नुपर्ने बाध्यता, स्थानीय तहको कमजोर भौतिक संरचना, दरबन्दी भन्दा न्युन संख्यामा

कर्मचारी उपलब्धता लगायतका नीतिगत, कानूनी, मानवीय, भौतिक, व्यवस्थापकीय एवं अन्य वातावरणीय व्यवधान र चुनौतिहरुको समाना गर्दै यस अवस्थामा आईपुगेको सन्दर्भ रहेको छ ।

५. सामाजिक न्याय सहितको समतामूलक समाजको स्थापना गर्ने तथा सुशासन कायम गर्न विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछन् । सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई लगायतका कार्यक्रमहरुलाई निरन्तरता दिइएको छ ।

६. निर्माणाधिन पूर्वाधारहरुको समयमै सम्पन्न गर्ने गरी व्यवस्था मिलाउन पहल गरिनेछ । अत्यावश्यक सडकहरुको स्तर उन्नति र निर्माण कार्यलाई थप स्रोत सहित निरन्तरता दिने व्यवस्था मिलाइएको छ ।

७. एउटै निर्माण व्यवसायीले आफ्नो क्षमता भन्दा बढी कार्यको लागि ठेक्का लिने र कार्य नगर्ने प्रबृत्तिको अन्त्य गर्न व्यवसायीहरुलाई कारबाही प्रक्रिया अगाडि बढाइने छ ।

८. कतिपय कार्यक्रम आयोजनाहरुमा देखिने दोहोरोपन हटाउन गाउँपालिका क्षेत्रभित्र हुने जुनसुकै विकास कार्यक्रमहरु गाउँपालिकाको मातहतबाट नै सञ्चालन हुने व्यवस्था मिलाएको छ । यो बजेट कार्यक्रमले नसमेटेका तथा समेट्न नसकिएका अन्य कार्यक्रमहरुलाई आगामी दिनहरुमा गाउँ कार्यपालिकाले निर्णय गरे बमोजिम जनसंख्या, भूगोल लगायत अन्य वर्ण, लिङ्ग, क्षेत्र, समुदायहरु समेतलाई मध्यनजर गर्दै समतामूलक ढङ्गले बिनियोजन गर्दै लगिनेछ । र सो अनुसार नै बिनियोजन गर्ने व्यवस्था मिलाइएको छ ।

९. सार्वजनिक सेवा प्राप्तिलाई जनताको अधिकारको रुपमा स्थापित गरिनेछ । भ्रष्टाचारजन्य क्रियाकलापमा शुन्य सहनशीलताको नीति अवलम्वन गरी राम्रो र असल कार्य गर्ने कर्मचारीहरुलाई प्रोत्साहन स्वरुप सम्मान कार्यक्रमको व्यवस्था मिलाइएको छ ।

१०. हाल यो बजेटको सिलिङमा नपरेको अन्य योजना तथा कार्यक्रमहरुलाई गाउँपालिकाले आफ्नो आन्तरिक स्रोत विभिन्न बिषयगत कार्यालयहरुबाट पछि प्राप्त हुने स्रोत अनुसार प्राथमिकताको आधारमा बजेट बिनियोजन गर्दै जाने योजना रहेको छ भने ठूला प्रकृतिका आयोजना कार्यक्रमहरुलाई प्रदेश सरकार तथा केन्द्र सरकार समक्ष अनुरोध गरि गरिने व्यवस्था मिलाईनेछ ।

११. सार्वजनिक निर्माणमा जथाभावी Heavy Equipment प्रयोग गर्न प्रविधिलाई निरुत्साहित गर्न आवश्यक र ठूला योजनामा मात्र प्रयोग गरी रोजगार कार्यक्रमलाई वढि जोड दिइनेछ। यस

आर्थिक बर्षदेखि Heavy Equipment (उपकरणहरु) प्रयोग गर्दा वा सञ्चालन गर्दा अनिवार्य गाउँपालिकाको अनुमति लिनुपर्ने व्यवस्था गरिनेछ ।

१२. यस गाउँपालिकामा कार्यरत सम्पूर्ण NGO, INGO संघ संस्थाहरुका कार्यक्रमहरु गाउँपालिकाको स्वीकृती, निर्णय र समन्वयबिना सञ्चालन हुन दिइने छैन ।

१३. गाउँपालिकाको कार्यालय र वडा कार्यालय जोड्ने मोटर बाटोलाई स्तर उन्नति गर्ने कार्यलाई प्राथमिकता दिदैं आवश्यक रकम विनियोजन गरिएको छ ।

**अब म सर्वप्रथम स्रोतको व्यवस्था तथा विनियोजन सम्बन्धी योजना प्रस्तुत गर्दछु ।**

१४. आगामी आर्थिक बर्षका लागि कूल रकम रु ३९ करोड २२ लाख ५३ हजार ८८० बिनियोजन गरेको छु । जसमध्ये केन्द्र सरकारबाट बित्तीय समानीकरण अनुदन तर्फबाट रु. ८ करोड ४३ लाख, राजस्व बाँडफाँडबाट ६ करोड ६३ लाख ७० हजार ८८० तथा सशर्त अनुदानतर्फ १८ करोड ९६ लाख प्राप्त हुन आएको छ । संघीय सरकारको विशेष अनुदानतर्फ १ करोड ५० लाख, संघीय सरकार समपुरक अनुदानतर्फ ७५ लाख, प्रदेश सरकारको समपुरक अनुदानतर्फ १ करोड, समानीकरण अनुदान तथा सवारी साधन कर बाँडफाँड ६९ लाख ८३ हजार, अरुण गाउँपालिकाको आन्तरिक आयको राजस्व बाँडफाँट आ.ब.२०७७/०७८ मा १ करोड २५ लाख (आ.व. ७६/७७ को अलिया.समेत) प्राप्त हुने अनुमान समेत यसै बजेटमा समावेश गरेको छु ।

| सि.न. | तह | स्रोत | बजेट |
|---|---|---|---|
| १ | नेपाल सरकार | समानिकरण अनुदान | ८,४३,००,००० |
| २ | नेपाल सरकार | शसर्त अनुदान | १८,९६,००,००० |
| ३ | नेपाल सरकार | विषेश अनुदान | १,५०,००,००० |
| ४ | नेपाल सरकार | समपुरक अनुदान | ७५,००,००० |
| ५ | नेपाल सरकार | राजस्व बाँडफाँड | ६,६३,७०,८८० |
| ६ | प्रदेश सरकार | समानीकरण अनुदान तथा सवारी साधन कर बाँडफाँड | ६९,८३,००० |
| ७ | प्रदेश सरकार | समपुरक अनुदान | १,००,००,००० |
| ८ | अरुण गा.पा. | आन्तरिक आय (आ.व. २०७६/७७ अलिया समेत) | १,२५,००,००० |
| **जम्मा** | | | **39,22,53,880** |

१५. सशर्त अनुदान बापत केन्द्रबाट प्राप्त हुने रकम १८ करोड ९६ लाख केन्द्रबाटै बिभाजन भई आईसकेको छ । जसमा शिक्षा मन्त्रालय अन्तर्गतबाट साबिकमा सञ्चालित सबैका लागि शिक्षा आधारभूत तह (आधारभूत तहका शिक्षक तलब भत्ता), माध्यमिक तह (शिक्षक तलब

भत्ता) र बिद्यालय क्षेत्र बिकास कार्यक्रम अन्तर्गतका कार्यक्रमहरु रहेका छन् । त्यसैगरी स्वास्थ्य मन्त्रालय अन्तर्गतबाट साबिकमा सञ्चालित स्वास्थ्य सँस्थाहरुको सञ्चालन खर्च तथा तलब भत्ता केन्द्रीय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार कार्यक्रम, क्षयरोग नियन्त्रण कार्यक्रम, एकिकृत जिल्ला स्वास्थ्य कार्यक्रम, परिवार स्वास्थ्य कार्यक्रम, औषधि, भ्याक्सिन, सामग्री प्याकिङ्ग र ढुवानी बापतको रकम लगायतका कार्यक्रमहरुलाई पनि सशर्त अनुदानभित्रै समाबेस गरिएको छ । त्यस्तै कृषि बिकास तर्फका कार्यक्रमहरु समेत समावेश गरिएको छ । प्रधानमन्त्री रोजगार कार्यक्रमलाई आगामी आर्थिक वर्षमा समेत निरन्तरता दिईनेछ र सो कार्यक्रमलाई आवश्यक तलब भत्ता र कार्यालय संचालन खर्चबाहेक ५१ लाख ७० हजार रकम बजेट समेत शशर्त अनुदान अन्तर्गत नै व्यवस्था मिलाइएको छ ।

**अध्यक्ष महोदय,**

**अब म विभिन्न बिषयगत शीर्षक अनुसारको बजेट बिनियोजन प्रस्तुत गर्न चाहन्छु-**

**आर्थिक बिकास :–**

१६. यस शीर्षक अन्तर्गत कृषि, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी र बित्तीय क्षेत्र पर्दछन् । जसका लागि यस आ.ब.मा सञ्चालन गरिने विभिन्न योजना तथा कार्यक्रमका लागि एकमुष्ट १ करोड ८ लाख ५६ हजार विनियोजन गरिएको छ ।

१७. कृषि बिकास मन्त्रालय अन्तर्गत तरकारी तथा मसला बाली बिकास कार्यक्रम, कृषि व्यवसाय प्रबर्द्धन तथा बजार बिकास कार्यक्रम साना सिँचाई तथा मल-बिऊ ढुवानी कार्यक्रम, कृषि प्रसार कार्यक्रम आदिका लागि एकमुष्ठ रु. २० लाख छुट्टै बिनियोजन गरिएको छ ।

१८. पशु बिकास मन्त्रालय अन्तर्गतबाट साबिकमा सञ्चालित बंगुर तथा कुखरा सहकारी कार्यक्रम, पशु-पंक्षी बजार प्रबर्द्धन कार्यक्रम, पशु स्वास्थ्य नियमन कार्यक्रम र पशु सेवा प्रसार कार्यक्रमका लागि समेत छुट्टै एकमुष्ठ रु. २७ लाख विनियोजन गरिएको छ ।

१९. दुग्ध विकास तथा बजारीकरण कार्यको लागि उन्नत जातका गाई पालन, चिस्यान केन्द्र स्थापना र पशु कृतिम गर्भाधान कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

**सामाजिक बिकास :–**

२०. यस शीर्षक अन्तर्गत शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, सँस्कृति प्रबर्द्धन, खेलकूद तथा मनोरञ्जन र लैङ्गिक समानता तथा सामाजिक समाबेसीकरण लगायतका क्षेत्रहरु पर्दछन् । जसका लागि  यस आ.व मा विभिन्न योजना तथा कार्यक्रमको लागि एकमुष्ठ २ करोड ५२

लाख १ हजार ६ सय ८०  रकम विनियोजन गरिएको छ भने विद्यालय, बालबालिकाहरुलाई दिवा खाजाको व्यवस्था गरिएको छ । न्यानो कपडा वितरण र सामुदायिक विद्ययालयहरुमा अध्ययनरत छात्राहरुका लागि निशुल्क स्यानिटरी प्याड वितरण गर्ने जस्ता कार्यक्रमहरुका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

**पूर्वाधार बिकास**

२१. यस क्षेत्रअन्तर्गत स्थानीय सडक तथा पुल, सिँचाई, भवन तथा शहरी बिकास, उर्जा लगायतका बिषयहरु समेटिएका छन् । जसका लागि ठूला आयोजना अन्तर्गत यस आ.व गाउँपालिकाको भवन निर्माण, प्याउली देखि चरम्बी हुँदै बन्चरे सडक, प्याउली याकु हुँदै भोर्लाबोट सडक स्तरउन्नती, फेरि बजारमा अरुण गाउँपालिका प्रवेशद्वार गेट निर्माण, लिफ्ट खानेपानी, खानेपानी डिप बोरिङ् निर्माणको कार्य, गाउँपालिका तथा वडा कार्यालय अन्तर्गतका विभिन्न साना-ठूला योजना तथा  कार्यक्रम गरी एकमुष्ठ ६ करोड ७२ लाख ३५ हजार विनियोजन गरिएको छ ।

**वातावरण तथा बिपत ब्यवस्थापन :–**

२२. यस अन्तर्गत वन तथा भू-संरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, फोहोरमैला व्यवस्थापन, बिपत व्यवस्थापन लगायतका क्षेत्रहरु पर्दछन यी सबै क्षेत्रहरुका लागि यस आ.ब मा सञ्चालन हुने बिभिन्न कार्यक्रमहरुमा एकमुस्ठ ७३ लाख ९३ हजार २०० बिनियोजन गरिएको छ ।

**संस्थागत बिकास, सेवा प्रबाह र सुशासन :–**

२३. यस अन्तर्गत सामान्य सेवा, सुरक्षा ब्यवस्थापन, सूचना प्रविधि, पञ्जीकरण ब्यवस्थापन, स्थानीय तथ्याङ्कसङ्कलन र अभिलेख ब्यवस्थापन, सुशासन प्रबर्द्धन, अनुसन्धान तथा बिकास लगायतका क्षेत्रहरु पर्दछन् । सातै वडाका स्वास्थ्य चौकी तथा माध्यमिक विद्यालयहरुमा इ-हाजिरी कार्यक्रम, फर्निचर, सूचना तथा सञ्चार, सुरक्षा व्यवस्थापन, कार्यलय व्यवस्थापन लगायतका कार्यक्रमहरुका लागि यस आ.ब मा एकमुष्ठ रु. ४४ लाख ६८  हजार बिनियोजन गरिएको छ ।

२४. महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय अन्तर्गतबाट साबिकमा सञ्चालित महिला तथा विकास कार्यक्रमका लागि सर्सत तर्फ बाहेक छुट्टै एकमुष्ठ रु. १८ लाख विनियोजन गरिएको छ ।

२५. युवा तथा खेलकुद मन्त्रालय अन्तर्गतबाट खेलकूद पूर्वाधार निर्माण कार्यक्रम र खेलकूद बिकास जसमध्ये युवाका लागि खेलकुदको बिकास गर्न सम्भाब्यता अध्ययन तथा खेलकुद बिकासका पूर्वाधार बनाउने कार्यलाई प्राथमिकता दिँदै त्यसको लागि प्रदेश तथा संघीय सरकार सँगको सहकार्य हुनेगरी समेत आवश्यक बजेट विनियोजन गरिएको छ ।

२६. महिला, बाल-बालिका, जेष्ठ नागरिक, दलित, फरक क्षमता भएका क्षेत्र लगायतको क्षेत्रको क्षमता विकास तथा अन्य योजना तथा कार्यक्रमहरुमा आवश्यक बजेट विनियोजन गरिएको छ ।

२७. यस क्षेत्रमा बिद्यमान कोभिड-१९ को महामारी र आउन सक्ने प्रकोप तथा बिपतहरुलाई समेत ध्यानमा राखी बिपत ब्यवस्थापन कोषमा रहको रकमलाई सहि रुपमा सदुपयोग गर्न कार्यविधि बनाउने कार्यलाई थप परिष्कृत गरि अगाडी बढाइनेछ जसका लागि समेत आवश्यक रकम विनियोजन गरिएको ।

२८. आ.व. ०७७/७८ मा गाउँपालिकाको भवन निर्माणको लागि जग्गा प्राप्ति गरि भवन निर्माणको कार्यको सुरुवात गर्नका निमित्त १ करोड छुट्याइएको छ ।

२९. स्वास्थ्य मन्त्रालय अन्तर्गत विभिन्न कार्यक्रमहरु सञ्चालन गर्नका लागि वित्तिय समानीकरण अनुदान तर्फको निशर्त अनुदान तर्फबाट विभिन्न कार्यक्रमहरुमा एकमुष्ठ थप २५ लाख विनियोजन गरिएको छ ।

३०. यी माथि उल्लेखित शीर्षकहरुमा समावेश हुन नसकेका शीर्षकहरुमा खर्च गर्नका निमित्त पूँजीगत भैपरी शीर्षक अन्तर्गत आवश्यक रकम विनियोजन गरिएको ।

३१. गाउँ कार्यपालिका, गाउँ सभा र वडा समिति, कानुन बमोजिम गठित समितिहरुका पदाधिकारीहरु लागि बैठक भत्ताको व्यवस्था गरेको छु । वैठक हुँदाको दिनको खाना खाजा खर्चको लागि आवश्यक रकम विनियोजन गरेको छु । गाउँपालिकामा स्वीकृत दरबन्दीमा कार्यरत कर्मचारीलाई र वडा अन्तर्गत स्वीकृत दरबन्दीमा कार्यरत कर्मचारीहरुलाई काम प्रति उत्प्रेरित र मनोबल उच्च राख्नका निमित्त कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ताको लागि आवश्यक मापदण्ड बनाई गाउँकार्यपालिका बाट स्वीकृत गरी व्यवस्थापन गरिने छ । साथै, लामो समय देखी साविक स्थानीय निकाय हाल स्थानीय तहमा कार्यरत कर्मचारीहरुको तलब भत्ता नियमानुसार वृद्दि समायोजन गर्दै लगिएको छ ।

३२. समस्याहरु धेरै छन् सबैको एकै पटक समाधान सम्भव छैन । त्यसैलै तपाई हामी सबैले जिम्मेवारी, समझदारी, इमान्दारीको भावना लिएर मन, वचन र कर्मले प्रतिवद्ध र एकातावद्ध

हुन जरुरी छ । योजनाबाट बजेट तयार गरेर मात्रै हुँदैन, त्यसको प्रभावकारी कार्यन्वयन हुन नसकेमा अपेक्षित उपलब्धि हासिल गर्न सकिँदैन ।

३३. प्रस्तुत बजेट तर्जुमा गर्दा मार्ग निर्देशन गर्नु हुने सभाध्यक्षज्यू, कार्यपालिका सदस्य ज्यूहरु बजेटको सिद्धान्त र प्राथमिकतामा व्यापक छलफल गरी सभा सदस्य ज्युहरुले दिनुभएका सुझावका लागि म आभारी छु । बजेट निर्माणको क्रममा अहोरात्र खटिई सहयोग गर्नुहुने प्रमुख प्रशासकीय अधिकृत साथै सम्पूर्ण कर्मचारी साथीहरुलाई विशेष धन्यवाद दिन चाहन्छु,, बजेट तर्जुमा गर्दा सुझाव दिनु हुने राजनीतिक दलका स्थानीय नेताहरुलाई समेत कृतज्ञता प्रकट गर्न चाहन्छु ।

३४. अन्त्यमा गाउँपालिकाको आर्थिक सामाजिक विकासमा निरन्तर सहयोग पुऱ्याउनका लागि यो बजेट कार्यान्वयनको क्रममा सबै पक्षको पूर्ण सहयोग प्राप्त हुने विश्वास लिएको छु ।

| शिर्षक | गा.पा. | वडा नं. १ | वडा नं. २ | वडा नं. ३ | वडा नं. ४ | वडा नं. ५ | वडा नं. ६ | वडा नं. ७ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| भौतिक पूर्वधार | ५१०००००० | १६५०००० | ३२५१००० | २४३३००० | २४१६००० | २३२५००० | १७७५००० | २३८५००० | ६७२३५००० | ५८.३९ |
| सामाजिक विकास | १०७५३८८० | ३२१७००० | १४८२००० | १३२०००० | १९३३८०० | २४८०००० | २०३५००० | १९८०००० | २५२०१६८० | २१.८९ |
| आर्थिक विकास | ५०००००० | ५००००० | ७९२००० | ९१०००० | ७८९००० | ५५५००० | १०७०००० | १२४०००० | १०८५६००० | ९.४३ |
| संस्थागत विकास तथा सेवा प्रवाह | ६००००० | ५९३००० | ३७५००० | ६९०००० | ७३०००० | ५९०००० | ७९५००० | ९५००० | ४४६८००० | ३.८८ |
| वातावरण तथा विपद व्यवस्थापन | ५८००००० | ४०००० | १००००० | ६४७००० | १३१२०० | ५०००० | ३२५००० | ३००००० | ७३९३२०० | ६.४२ |
| जम्मा | ७३१५३८८० | ६०००००० | ६०००००० | ६०००००० | ६०००००० | ६०००००० | ६०००००० | ६०००००० | ११५१५३८८० | १०० |

**धन्यवाद !**